# विराटनगर महानगरपालिका

**बैठक संख्या: ८३**
मितिः २०७७/११/१०

**बैठक प्रारम्भः दिनको ३:०० बजे**
**बैठक स्थगनः साँझ ५:०० बजे**

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुलीज्यूको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | का.वा.सदस्य | श्री कुमारी कमला कट्टेल रिजाल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | का.वा.सदस्य | श्री राजदेव यादव | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |

| | | | |
|---|---|---|---|
| २६ | सदस्य | श्री सुशीला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री गायत्री कुमारी दास | |
| २९ | नि. सदस्य सचिव | श्री दुर्गाप्रसाद खतिवडा | |
| ३० | आमन्त्रित सहयोगी | श्री राजेन्द्र प्रधान | |
| ३१ | आमन्त्रित सहयोगी | श्री केवल पोखरेल | |
| ३२ | आमन्त्रित सहयोगी | श्री धिरज राई | |

**निर्णय नं. १**

विराटनगर महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला सङ्कलनको दररेट/शुल्क निर्धारण गर्न प्रस्तावित दररेट समिक्षा गरी प्रस्ताव गर्न देहाय बमोजिमको दररेट प्रस्ताव समिति गठन गर्ने र उक्त समितिले ३ (तीन) दिनभित्र दररेट प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

(१) श्री निश्चल अर्याल - संयोजक
(२) श्री बद्रीनारायण सरदार - सदस्य
(३) श्री झरीलाल महतो - सदस्य
(४) श्री विजय कामत - सदस्य
(५) श्री सुशीला पोखरेल (ओझा) - सदस्य
(६) श्री अनिता कोइराला, वातावरण शाखा प्रमुख - सदस्यसचिव

**निर्णय नं. २**

चालु आ.व.को राजश्व सङ्कलन लक्ष्य अनुरुप नभइरहेकोले राजश्व अभिवृद्धि अभियानलाई व्यवस्थापन गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।

(१) श्री विनोद कुमार बस्नेत - संयोजक
(२) श्री कुमार पोखरेल - सदस्य
(३) श्री मधुबाबु तिवारी - सदस्य
(४) श्री तिर्थेन्द्र न्यौपाने - सदस्य
(५) श्री असलम आलम - सदस्य
(६) श्री राजेन्द्र प्रधान, वित्तीय व्यवस्थापन महाशाखा प्रमुख - सदस्यसचिव

**निर्णय नं. ३**

गत आ.व. २०७६/०७७ बाट चालु आ.व. २०७७/०७८ को लागि दायित्व सरी आएका योजनाहरुको भुक्तानी गर्न आन्तरिक आय र गत आ.व.को मौज्दात रकम अपुग हुने देखिएकोले सम्पन्न भइसकेका योजनाहरुको रकम भुक्तानी प्रयोजनको लागि चालु आ.व.को समानिकरण अनुदान स्रोततर्फका देहाय बमोजिमका योजनाहरुमा विनियोजित बजेट स्रोतान्तरण गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

(क) नगरस्तरीय योजनाबाट रु. ५ करोड आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने ।
(ख) विभिन्न बहुवर्षीय योजनाहरुमा विनियोजित रु. ८ करोड ४६ लाख ४० हजार आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने ।
(ग) पशु वधशालामा विनियोजित रु. १ करोड आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने ।
(घ) बाल अस्पताल निर्माणमा विनियोजित रु. १ करोड आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने ।

निर्णय नं. ४

"छोरी बचाऊ, छोरी पढाऊ" अभियान सञ्चालन कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

विराटनगर महानगरपालिका, वडा नं.९ स्थित सि-प्लट भवन विगत वर्षदेखि उपभोक्ता समितिमार्फत संचालन हुदैं आएकोमा वडा नं.९ वडा कार्यालय संचालनका लागि मिति २०७४।०९।०१ देखि एउटा कोठा, मिति २०७५।०४।०१ देखि दुईवटा कोठा र मिति २०७६।०४।०१ देखि तीनवटा कोठा प्रयोग हुदैं आएकोले वडा कार्यालयले सिफारिस गरेको आधारमा उपभोक्ता समितिसंग सम्झौता गरेको रकमको आधारमा मिति २०७७ माघ महिनासम्मको कोठा भाडावापत रु.४,६८,४२३।०० र वडा कार्यालयले प्रयोग गर्ने विधुत सव–मिटर नं. १२ को ९१७७ युनिटको रु.१५ का दरले महशुल रकम रु.१,३७,६५५।०० गरी जम्मा रकम रु.६,०६,०७८।०० भाडा समायोजन गरी बांकी रकम किस्ता असुली गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

मिति २०७७/१०/१२ कार्यपालिका बैठक संख्या ८१ मा वीरेन्द्र सभागृह पूनर्निर्माणको लागि बोलपत्र आह्वान गरिएकोमा नियमानुसार मूल्याङ्कन समितिबाट सिफारिस भइआएका ठे. समानान्तर-जोशी-श्री बैंकटेश जे.भी. र ठे.रविना-किरातेश्वर-अविशा जे.भी.को प्राविधिक प्रस्ताव स्वीकृत गर्ने निर्णय भएकोमा ठे.रविना-किरातेश्वर-अविशा जे.भी.ले पेश गरेको निर्माण कार्यको अनुभव पत्रमाथि उजुरी परेको हुँदा उक्त प्राविधिक प्रस्ताव पूनः मूल्याङ्कन गरी आर्थिक प्रस्ताव खोल्ने निर्णय गरियो ।